## मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



## पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ माघ २५ गते आइतबार ❑ 8 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## कास्कीमा प्रहरीलाई निर्वाचन सुरक्षा सम्बन्धी अभिमुखीकरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको सुरक्षार्थ खटिने जिल्ला प्रहरी कार्यालय मातहतका प्रहरी चौकी र युनिट इञ्चार्जलाई शनिबार निर्वाचन सुरक्षा, आचारसहिंतालगायत विषयमा अभिमुखीकरण गरिएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नवीन कार्कीको उपस्थितिमा जिल्लाको सुरक्षा अवस्था र आगामी दिनमा तय गर्नुपर्ने रणनीतिका विषयमा अन्तरक्रिया एवं छलफल भएको कार्यालयका प्रहरी नायब उपरीक्षक हरीबहादुर बस्नेतले जानकारी दिनुभयो।

"कार्यालयको नेतृत्वबाट मातहतका कार्यालय र युनिटका प्रमुखलाई निर्देशन प्राप्त भएको छ, निर्वाचन सुरक्षालाई कसरी चुस्त र प्रभावकारी बनाउने विषयमा अभिमुखीकरण गरिएको छ", उहाँले भन्नुभयो। कास्कीमा निर्वाचनका लागि ९५७ प्रहरी परिचालन हुनेछन्। यस्तै दुई हजार आठ निर्वाचन प्रहरी परिचालन हुने बताइएको छ। एकीकृत सुरक्षा योजनाअनुसार मतदानस्थलको भित्री सुरक्षा घेरामा नेपाल प्रहरी र निर्वाचन प्रहरी परिचालन हुनेछन्।

दोस्रो तहको सुरक्षा घेरामा सशस्त्र प्रहरी बल र बाहिरी तहको सुरक्षामा नेपाली सेना परिचालन हुने जिल्ला सुरक्षा समितिले जनाएको छ। तीन निर्वाचन क्षेत्र रहेको कास्कीमा १५३ मतदानस्थल रहेका छन्। जिल्लामा गण्डकी प्रदेशकै सबैभन्दा बढी तीन लाख आठ हजार ५७२ मतदाता रहेका छन्।

## कांग्रेस बदलिएको सन्देश घरघरसम्म पुऱ्याउनुपर्छः सभापति थापा

**रासस**
काठमाडौं, २४ माघ

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले कांग्रेस बदलिएको सन्देश घरघरसम्म पुऱ्याउनुपर्ने बताउनुभएको छ। नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं ६ ले शनिबार यहाँ आयोजना गरेको सदस्य भेलालाई सम्बोधन गर्दै उहाँले जेनजी आन्दोलनको मर्म र भावनाअनुसार कांग्रेस बदलिएकाले उक्त सन्देश घरघरसम्म पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

सभापति थापाले गत भदौ २३ र २४ को आन्दोलनबाट पाठ लिएर कांग्रेस सच्चिएको भन्दै पार्टी अब देश बदल्ने अभियानमा लागेको सन्देश गाउँ र घरघरसम्म पुऱ्याउनुपर्ने धारणा राख्नुभयो। "कांग्रेस बदलिएको सन्देश तलसम्म पुगेको छैन, यो सन्देश घरघरमा पुऱ्याउनुपर्छ। अघिल्लो निर्वाचनमा कांग्रेसलाई मत हालेका २७ लाख मतदाता माझ जानुपर्छ", उहाँले भन्नुभयो। माघको अधिवेशनपछि सबैभन्दा नयाँ पार्टी कांग्रेस भएर आएको उहाँको भनाइ छ। सभापति थापाले जेनजी आन्दोलनको मर्म र भावनालाई आत्मसात् गर्नका लागि कांग्रेसले विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरेको उल्लेख गर्नुभयो। उहाँले विशेष महाधिवेशनमा कसैले जितेको र हारको नभई पार्टीले जितेको बताउनुभयो। "सबै पक्षलाई मात्र नभएर देशलाई नै मिलाएर लैजाने शक्ति कांग्रेस हो। मुलुकमा देखिएको भागबण्डाको संस्कृति तथा भ्रष्टाचार रोक्न कांग्रेस सशक्त भएर जानेछ", उहाँले भन्नुभयो।

कार्यक्रममा कांग्रेस महामन्त्री प्रदीप पौडेलले नागरिकको अपेक्षा अनुसार नीति र नेतृत्व दुवै सच्चिएर आएकाले पार्टीले नागरिकको विश्वास जित्ने बताउनुभयो। उहाँले भदौ २३ र २४ को आन्दोलनले आफूहरूलाई पनि खबरदारी गरेको भन्दै कमजोरी स्वीकार गरेर नागरिकले चाहेजस्तै परिमार्जन र रुपान्तरणमार्फत पार्टी निर्वाचनमा होमिएको उल्लेख गर्नुभयो। महामन्त्री पौडेलले जन्मको आधारमा पुरानो भए पनि विचारका आधारमा कांग्रेसजस्तो नयाँ अरु पार्टी नभएको बताउनुभयो। समाजको चाहनाअनुसार नयाँ ढङ्गबाट पार्टी अघि बढिरहेको उहाँको भनाइ छ। जनताले चाहेजस्तो नेतृत्व कांग्रेसले ल्याएको भन्दै उक्त नेतृत्वले देश बदल्ने अठोट लिएको उहाँले बताउनुभयो।

## युवाहरूलाई सृजनशील उत्पादनसँग जोड्नुछ – रश्मि आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ




ने क पा (एमाले) कास्की क्षेत्र न २ का प्रतिनिधि सभाका उम्मेदवार रश्मि आचार्यले सृजनशिल युवाहरूलाइ उत्पादनसंग जोड्ने गरेर आफू घर घर मा पुग्ने बताएका छन।

मर्यादित रोजागारीको बाताबरण निर्माण गर्ने नीति निर्माणमा जोड दिने भन्दै आचार्यले योजनाबद्ध दिगो बिकासका लागि जनताको कर जनतासंगैका कार्यक्रममा आफू प्राथमिकतामा राख्ने उल्लेख गरे। प्रभाबकारी नीति, कार्यान्वयन मार्फत युबा महिला र पछाडी पारिएकाहरूको सबलिकरण गर्न आफू अघि बढ्ने उल्लेख गरे ने क पा (एमाले) कास्की क्षेत्र न २ ले आयोजना गरेको बृहत कार्यकर्ता भेलामा सम्बोधन गर्दै उम्मेदवार आचार्यले सो कुरा बताएका हुन।

कार्यक्रममा एमाले केन्द्रिय सचिब तथा गण्डकी प्रदेश कमिटीका इन्चार्ज खगराज अधिकारीले रास्ट्र, राष्ट्रियता, देशको सुरक्षा एमालेको नेतृत्वमा मात्रै संभब हुने उल्लेख गरे। उनले देश बिकासको रणनीतिक एजेन्डा र योजना आफुहरूसंग भएको भन्दै भ्रम र भ्रामक प्रचारको खुलेर परास्त गर्न कार्यकर्तालाई आग्रह गरे।एमालेका अग्रज नेता एवम कोशी प्रदेशका पूर्ब प्रमुख सोमनाथ अधिकारी प्यासी, एमाले केन्द्रिय सदस्य कृष्ण थापा सहित निर्बाचन भाबी रणनीति सम्बन्धमा धारणा राखेका थिए।

एमाले क्षेत्र दुई संयोजक भेषराज बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत बलराम आचार्य र संचालन सचिब झपट रानाभाटले गरेका थिए।

## गण्डकी अर्थोपेडिक एशोसियसनको अध्यक्षमा डा चन्द्र

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ




गण्डकी प्रदेशका अर्थोपेडिक (हाडजोर्नी) विशेषज्ञहरूको साझा संस्था गण्डकी अर्थोपेडिक एशोसियसन को नयाँ कार्यसमिति सर्वसम्मत रूपमा चयन भएको छ।

हालै सम्पन्न एशोसियसनको भेलाले डा. चन्द्र बहादुर मिश्रको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको हो। नवगठित समितिको प्रेसिडेन्ट इलेक्टको जिम्मेवारी डा. निरज रञ्जितले पाएका छन्। एशोसियसनको उपाध्यक्षमा डा. कृष्ण सापकोटा र महासचिवमा डा. झपिन्द्र पोखरेल चयन भएका छन्। यसैगरी, समितिको सह-सचिवमा डा. नवीन त्रिपाठी, कोषाध्यक्षमा डा. विजय परियार र सह-कोषाध्यक्षमा डा. सुवास गुरुङलाई जिम्मेवारी प्रदान गरिएको छ। एशोसियसनको कार्यसमिति सदस्यहरूमा क्रमश डा. दिनेश कुमार वि.क., डा. रवी मोहन ढकाल, डा. नर्मन लामिछाने, डा. भीम सिग्देल र डा. सरोज चन्द्र दाहाल चयन भएका छन्। नवनिर्वाचित कार्यसमितिले गण्डकी प्रदेशमा हाडजोर्नी तथा नशारोग उपचारको गुणस्तर अभिवृद्धि गर्न, जनचेतना फैलाउन तथा चिकित्सकहरूको पेसागत हकहितमा थप प्रभावकारी भूमिका खेल्ने विश्वास लिइएको छ।

## रहेनन् अभिनेता सुनिल थापा

**रासस**
काठमाडौं, २४ माघ



'राते काइँला' नामले परिचित अभिनेता सुनिल थापाको आज बिहान ६८ वर्षको उमेरमा निधन भएको छ।

शनिबार बिहान अचानक स्वास्थ्यमा समस्या देखिएपछि अभिनेता थापलाई उपचारका लागि थापाथलीस्थित नर्भिक अस्पताल लगिएको थियो। चलचित्र कलाकार सङ्घका अध्यक्ष मोहन निरौलाले अभिनेता थापाको हृदयघातबाट निधन भएको अस्पतालले जानकारी दिएको बताउनुभयो। "बिहान चलचित्रको छायाङ्कनमा जानुपर्ने भएकाले आफूसँगै रहेका सहयोगीलाई चाँडै उठाउन भन्नुभएको रहेछ, ती सहयोगी बिहान उठाउन जाँदा अभिनेता थापालाई अचेत पाएपछि अस्पताल ल्याइएको रहेछ। अस्पतालले प्रारम्भिक जाँच गरेपछि मृत घोषणा गरेको हो", अध्यक्ष निरौलाले भन्नुभयो। अभिनेता थापाका श्रीमती, एक छोरा र एक छोरी हुनुहुन्छ। "उहाँको परिवारका सदस्यहरू भारतको मुम्बईमा बस्नुहुन्छ, उहाँहरू आउँदै हुनुहुन्छ", अध्यक्ष निरौलाले भन्नुभयो।

लामो समयदेखि नेपाली तथा भारतीय चलचित्रमा अभिनयमा सक्रिय रहनुभएका थापाको असामयिक निधनले सम्पूर्ण नेपाली कला जगत् स्तब्ध बनेको छ। चलचित्रमा खलनायक पात्रलाई पनि अभिनेता सरह चर्चा र सम्मान दिलाउन सफल थापा 'राते काइँला' पात्रमार्फत् विशेष रूपमा लोकप्रिय हुनुहुन्थ्यो। उहाँ शङ्खमूलस्थित अपार्टमेन्टमा बस्दै आउनुभएको थियो।

## कास्की–१ मा गनेस पौडेलको संवाद यात्रा तीव्र

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्की क्षेत्र नम्बर १ का प्रतिनिधि सभा उम्मेदवार गनेस पौडेलको 'स्थानियसँग संवाद यात्रा' चुनावी अभियानको केन्द्रमा देखिएको छ।

कास्की क्षेत्र नम्बर १ पोखरा महानगरपालिका अर्न्तगत वडा नम्बर १३ का टोल-टोल पुगेर जनताको मन बुझ्ने, सुझाव संकलन गर्ने र मत माग्ने क्रममा स्थानीयको उत्साहजनक सहभागिता देखिएको छ। शनिबार बिहान ८ बजे पोखरा-१३ पाटन बेसीमा सम्पर्क कार्यालय उद्घाटन तथा संवाद यात्रा कार्यक्रमबाट अभियान सुरु गरिएको थियो। बिहान १० बजे कञ्चन टोल, दिउँसो १२ बजे शुभकामना टोल र दिउँसो ३ बजे भञ्ज्याङ क्षेत्रमा संवाद कार्यक्रम सम्पन्न भएको थियो। हरेक स्थानमा उम्मेदवार र स्थानीयबीच प्रत्यक्ष कुराकानी, सुझाब संकलन तथा आर्शिवाद ग्रहण गर्ने कार्य भएको कास्की क्षेत्र नम्बर १ का निर्वाचन कमाण्डर श्री कृष्ण न्यौपानेले जनाएका छन। संवाद कार्यक्रममा स्थानीयहरूले परिवर्तनको पक्षमा स्पष्ट समर्थन जनाएका छन। पोखरा महानगरपालिका वडा नम्बर १३ का स्थानीय कमला गौतमले भनिन्, 'हामी महिलाले पनि अब आफ्ना मुद्दा स्पष्ट राख्न थालेका छौं। काम गर्ने र इमान्दार नेतृत्व आए जीवन सहज हुन्छ भन्ने विश्वास छ' स्थानीय युवा रमेश बरालले जेन-जी पुस्ताको भावना बुझ्ने नेतृत्व आवश्यक छ। देश बदलिन सक्छ भन्ने आशाले हामी मत दिन उत्साहित भएको बताएका छन। स्थानीय प्रेम चन्द बरालले देश कठिन अवस्थाबाट गुज्रिरहेको छ। अब परिवर्तन चाहने उम्मेदवारलाई नै मत जाहेर गर्ने सुनाए। उम्मेदवार पौडेलले आफू देशको अवस्था सुधार्ने उद्देश्यले राजनीतिमा आएको बताए। 'देशको अवस्था कमजोर हुँदा चुप लागेर बस्न सकिएन। युवालाई अवसर, सेवा सहज, र जनताले सम्मानित जीवन जिउन सकून् भन्ने सोचले राजनीतिमा आएको हुँ,' उनले भने। उनले जनताको मतलाई आशीर्वादका रूपमा लिने उल्लेख गरे। 'जनताको विश्वास र मत मेरो लागि आशीर्वाद हो। यहाँ उठेका आवाजलाई योजनामा रूपान्तरण गरेर काम गर्ने प्रतिबद्धता जनाउँछु,' पौडेलले भने। पौडेलले जेन-जी युवाको ऊर्जा, नयाँ सोच र परिवर्तनको चाहनालाई समेटेर अघि बढ्ने संकल्प पनि व्यक्त गरे। रास्वपा कास्की क्षेत्र नम्बर १ निर्वाचन परिचालन कमिटीका अनुसार आइतबार माघ २५ गते पोखरा १४ ॐ शान्ति चोक बाट चाउथे शुभमार्ग, हिमालि टोल, बिरौटामा संवाद यात्रा जारी रहने छ। संवाद यात्राले कास्की-१ मा चुनावी माहोललाई थप उत्साहपूर्ण र आशावादी बनाएको देखिएको छ।


## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पाँचौँ राष्ट्रिय स्की प्रतियोगिता सम्पन्न

**रासस**
मुस्ताङ, २४ माघ

मुस्ताङमा आयोजित पाँचौँ राष्ट्रिय स्की प्रतियोगिता आज सम्पन्न भएको छ ।

नेपाल स्की सङ्घको आयोजनामा शनिबार सम्पन्न अल्पाइन स्कीअन्तर्गत पुरुषतर्फको सिनियर स्की प्रतियोगितामा रसुवाका छेवाङ मिङ्गुर तामाङ र जुनियर अल्पाइन स्की प्रतियोगितातर्फ दोलखाका साम्देनगेल्बु शर्मा च्याम्पियन बनेका छन् । यसैगरी महिलातर्फको अल्पाइन स्की प्रतियोगिताअन्तर्गत नुवाकोटकी सङ्गीता लामा र महिला जुनियर अल्पाइन स्कीतर्फ काठमाडौँकी नैना शाक्य च्याम्पियन बनेकी नेपाल स्की सङ्घले जनाएको छ । यसैगरी सिनियर अल्पाइन स्की प्रतियोगितामा काठमाडौँका समिप लामिछाने दोस्रो हुँदा दोलखाका पुण्डरिक पाण्डे तेस्रो भएका छन् । पुरुष जुनियर स्कीतर्फ भक्तपुरका अर्थसिंह बोहरा दोस्रो भए भने मुस्ताङका केसाङ गुरुङले तेस्रो भएका छन् । महिला अल्पाइन स्कीतर्फ काठमाडौँका आयुशी महर्जन दोस्रो हुँदा महिला जुनियर स्कीतर्फ महोत्तरीका मेन्काकुमारी आले दोस्रो भएकी छिन् । त्यस्तै काठमाडौँकी आशिया तामाङ तेस्रो भएकी हुन् । प्रतियोगिताको पुरुष र महिला सिनियर/जुनियर च्याम्पियन बनेका स्की खेलाडीले स्वर्ण पदक पाएका छन् । पुरुष र



महिलातर्फ दोस्रो स्थान हासिल गरेका स्की खेलाडीले रजत र तेस्रो स्थान हासिल गरेका खेलाडीले कास्य पदक प्राप्त गरेका छन् ।

प्रतियोगिताअन्तर्गत पुरुष र महिलातर्फको सिनियर र जुनिएर विजेता खेलाडीले नेपाल स्की सङ्घका अध्यक्ष जीवनराम श्रेष्ठ, महासचिव विजय श्रेष्ठ र मुस्ताङ स्की सङ्घका अध्यक्ष सुरज गुरुङलगायत नेपाल स्की सङ्घका पदाधिकारी तथा सदस्यले पदक तथा प्रमाणपत्र प्रदान गर्नुभयो । पाँचौँ राष्ट्रिय स्की प्रतियोगितामा सहभागी खेलाडी तथा कोचलाई नेपाल स्की सङ्घले प्रमाणपत्र प्रदान गरेको थियो । नेपाल स्की सङ्घका अनुसार यहाँको वारागुङ मुक्तिक्षेत्र-४ मुक्तिनाथ क्षेत्रमा आयोजित पाँचौँ संस्करणमा जुनियर खेलाडी १५ र सिनियर खेलाडी १० जनाको सहभागिता थियो । दुई वर्षपछि आयोजना भएको प्रतियोगिता सञ्चालनका लागि काठमाडौँबाट खेलाडी र अफिसियल टोली गरी ५० भन्दा बढी बुधबार मुस्ताङ आइपुगेका थिए । पाँचौँ राष्ट्रिय स्की प्रतियोगिताका लागि सङ्घले दुई दिनसम्म यहाँ खेलाडीलाई अभ्यास प्रशिक्षण तालिम दिएको थियो । तालिम प्रशिक्षणका लागि मुख्य प्रशिक्षकका रूपमा स्वराज श्रेष्ठसहित प्रशिक्षक दिनेश बोहरा, समिप लामिछाने, लक्ष्मी राई, आयुसी महर्जन र शारीरिक प्रशिक्षकका रूपमा बिमन्थ अधिकारी खटिएका थिए । सङ्घले योसँगै मुस्ताङमा लगातार चौथो पटक स्की प्रतियोगिता आयोजना गरेको हो । सङ्घले पहिलो स्की प्रतियोगिता २०१६ मा रसुवाको क्यान्जेन भ्यालीमा सुरु गरेको थियो । मुक्तिनाथस्थित सेताम्मे भिरालो हिउँले भरिएको पाखोमा स्की प्रतियोगिता आयोजना भएको मुस्ताङ स्की सङ्घका अध्यक्ष गुरुङले जानकारी दिनुभयो । हिउँले भरिएको करिब २०० मिटर दूरीमा दुईवटा मोड राखेर स्की प्रतियोगिता सञ्चालन गरिएको थियो । यसपटक स्की खेलको विकास र प्रवर्द्धन गर्दै नेपाली खेलाडीलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्की प्रतियोगितामा भाग लिन सकून् भन्ने उद्देश्यले १८ वर्षमुनिका जुनियर खेलाडीलाई पनि सहभागी गराइएको नेपाल स्की सङ्घले जनाएको छ ।

प्रतियोगिताको समापनमा सङ्घका अध्यक्ष श्रेष्ठले सङ्घले यातायातको सहजताका कारण पछिल्लो चार संस्करण मुस्ताङमा स्की प्रतियोगिता आयोजना गरेको बताउनुभयो । स्की खेललाई राज्यले उपेक्षा गरेको उल्लेख गर्दै उहाँले अब यस प्रकारका हिउँमा खेलिने साहसिक खेलको प्रवर्द्धन गर्न स्थानीयस्तरको प्रयाससँगै राज्यका तीन तहका सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । स्की सङ्घ मुस्ताङका अध्यक्ष गुरुङले हिउँमा खेलिने यस प्रकारको प्रतियोगिताले पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । यसले यहाँका व्यवसायलाई बेमोसमी घाटा कम गर्न सहयोग गर्ने उहाँले बताउनुभयो । सेताम्मे हिउँमा खुट्टामा लगाउने प्लेट बोर्ड जडान गरी चस्मा, लौरी, हेलिमेट लगायतका उपकरण लगाएर हिउँमा चिप्लेटी खेल्ने खेललाई स्की प्रतियोगिता भनिन्छ । मुस्ताङमा आयोजित स्की प्रतियोगितामा सहभागी खेलाडीहरू हिउँमा साहसिक खेल खेल्न पाउँदा गौरान्वित भएको बताएका छन् ।

# नेपाली काँग्रेसको पोखरा-२७ मा सम्पर्क कार्यालय स्थापना

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

नेपाली काँग्रेस कास्की क्षेत्र नं. १ ले विभिन्न ठाउँमा सम्पर्क कार्यालय स्थापना मतदातासँगको सुझाव संकलनलाई तीव्र बनाएको छ ।

शनिवार कास्की क्षेत्र नं. १ को पोखरा महानगर पालिका वडा नं. २७ को आवसनगरमा चुनाव प्रचार प्रसारका लागि सम्पर्क कार्यालय स्थापना गरिएको छ । सम्पर्क कार्यालयको क्षेत्र नं. १ कास्कीका प्रतिनिधि सभा सदस्य उम्मेदवार तिलक रानाभाटले उद्घाटन गरेका छन् । कार्यक्रममा बोल्दै प्रतिनिधि सभा सदस्य उम्मेदवार तिलक रानाभाटले देश र जनतासँग डराउने पार्टी भनेकै नेपाली काँग्रेस भएको बताउँदै सधैँ जनताको दास भएर काम गर्ने प्रतिबद्धता जनाए ।

भनसुनले मात्रै काम बन्ने संस्कार बसेको बताउँदै उनले भनसुनको अन्त्य गरी कानुनी सुशासनको स्थायित्वका लागि रुख चिन्हमा मतदान गर्न आग्रह गरे । उनले देश भित्रका साधन स्रोतलाई सही सदुपयोग गरी समुन्नत देश



निर्माण गर्न काँग्रेस सधैँ लागि पर्ने बताए । नेपाली काँग्रेसका केन्द्रीय सदस्य कृष्ण केसीले आम जनताका चाहनालाई काँग्रेसले नै सम्बोधन गर्न सक्ने भएकोले काँग्रेसलाई विजयी गराउन आग्रह गरे । पोखरा-२७ का वडा अध्यक्ष पूर्ण बहादुर गुरुङले सुख दुःखको साथी बनेर काम गर्ने पार्टी काँग्रेस भएको बताए । उक्त अवसरमा नेपाली काँग्रेस पोखरा-२७ वडा समितिका सभापति नारायणमणि लामिछानेको नेतृत्वमा दिपाङताल क्षेत्र, बडहरे, अर्घौ अर्चले, घरेलु चौर, शान्ति खहरे, रिठ्ठेपानी क्षेत्रका मतदाता, ज्येष्ठ नागरिक, आम समूहसँग सुझाव संकलन गरिएको थियो ।

यसै गरी पोखरा-३१ मा भानुभक्त पौडेलको संयोजकत्वमा ३ सय ३३ सदस्यीय मूल निर्वाचन परिचालन समिति र विभिन्न १४ वटा उपसमिति गठन गरिएको नेपाली काँग्रेस कास्की क्षेत्र नं. १ का सचिव ओम प्रकाश गुरुङले जानकारी दिए ।

# साफ यु-१९ महिला च्याम्पियनसिपको उपाधि भारतलाई

**रासस**
काठमाडौं, २४ माघ

भारतले दक्षिण एसियाली फुटबल महासंघ (साफ) यु-१९ महिला फुटबल च्याम्पियनसिपको उपाधि जितेको छ ।

पोखरा रंगशालामा शनिबार भएको फाइनल खेलमा बंगलादेशलाई शुन्यका विरूद्द चार गोलले पराजित गर्दै भारतले उपाधि जित्न सफल भएको हो ।

च्याम्पियनसिपमा सर्वाधिक विजेता बंगलादेश जारी उक्त प्रतियोगिताको राउण्ड रोविनको खेलमा (लिग चरणमा) समेत अपराजित भएको थियो एक गोल पनि आएको थिएन् । भारतको जितमा खेलको ४३ औं मिनेटमा जुलनले गोल गर्दै टिमलाई अग्रता दिलाउनु भयो । त्यस्तै,




एलिजावेथ लक्राले पेनाल्टीबाट गोल गरी गोलअन्तर २–० को अग्रता दिउनु भयो । बंगलादेशी टिम खेलमा फर्किन कोसिस गरे पनि भारत सामु फाइनल खेलमा निकै कठिन भयो । भारतका लागि थप गोल पर्ल फरनान्डेज र अन्विता रघुरमणले गर्नु भएको हो । खेलमा उत्कृष्ट खेलाडी बङ्गालादेशकी अल्पी अख्तर बन्दा उत्कृष्ट किपर भारतका मुन्नी र अनुशासित टिम भारत घोषित भयो । सर्वाधिक गोलकताको उपाधि बङ्गालादेशकी अल्पी अख्तर हुन सफल हुनु भयो । बङ्गालादेशका अल्पी अख्तरले खेल अवधिमा सात गोल गर्नुभएको थियो ।

साफ महासचिव पुरूषोत्तम कट्टेल लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गर्नुभयो । नेपालसहित भारत, बंगलादेश र भुटान गरी ४ देशले भाग लिएको च्याम्पियनमा एकमात्र जित हात पारेको नेपाल र अंकविहीन भुटान लिग चरणबाटै बाहिरिएका हुन् । उमेर समुहको उक्त खेल अवलोकन गर्न दर्शक भने न्यून सङ्ख्यामा सहभागिता रहेको थियो । भिआईपि प्यारापिट तर्फ ५ सय र पूर्वपट्टिको प्यारापिटमा २ सयमा दर्शकले प्रबेश शुल्क तिर्नु भएको थियो । अखिल नेपाल फुटवल संघको आयोजनामा यही माघ १७ गतेदेखि उक्त प्रतियोगिता पोखरामा सुरु भएको अखिल नेपाल फुटवल संघ कास्कीका अध्यक्ष उज्वल रञ्जितले बताउनु भयो । पोखरामा उक्त प्रतियोगिता हुनुले पोखराको फुटवल खेलमा धेरै टेवा पुग्ने जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले बताउनु भयो ।

# नेकपाको सम्पर्क कार्यालय काहुँखोलामा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

नेपाली कम्युनिष्ट पार्टी (नेकपा ) कास्की निर्वाचन क्षेत्र नं १ अन्तर्गत पोखरा १३ काहुँखोलामा शनिवार एक भव्य कार्यक्रमको आयोजना गरी निर्वाचन परिचालन कमिटी सम्पर्क कार्यालय स्थापना गरिएको छ ।

पोखरा १३ सहित मादी गाउँपालिकाको समेत सो कार्यालय समन्वयात्मक कार्यालय हुने छ । नेकपाका गण्डकी प्रदेश ईञ्चार्ज श्रीनाथ बराल, नेकपाका कास्की क्षेत्र नं १ का प्रत्यक्ष उमेदवार राजकाजी गुरुङ 'करण' लगायतले सम्पर्क कार्यालयको उद्घाटन गरेका हुन् । सो अवसरमा आयोजित कार्यक्रममा पोखरा १३ आर्वा साभा, जिमिरेको डिल, मुल , ढाब लगायतको स्थानमा छरिएर बसेका विश्वकर्मा समाजका करीब ८० घर परिवारका सबै सदस्यहरू नेकपामा प्रवेश गरेका छन् । समाजका अगुवा समाजसेवी रनबहादुर बि.कको अगुवाई मा सम्पूर्ण सदस्यहरू नेकपामा समाहित । भएका हुन् । उनीहरूलाई नेकपा गण्डकी प्रदेश ईञ्चार्ज श्रीनाथ बराल, कास्की क्षेत्र नं १ का उम्मेदवार राजकाजी गुरुङ कारण लगायतले खादा फुलमाला टिका लगाई स्वागत गरेका थिए । सो अवसरमा बोल्दै प्रमुख अतिथी श्रीनाथ बरालले नेपाली जनताको परिवर्तनको संवाह पार्टी नै नेकपा भएको बताए । उनले कास्की क्षेत्र नं १को समग्र विकास निर्माणको नेतृत्व नेकपाले मात्र गर्न सक्ने भन्दै बृद्ध भत्ता लगायतका विभिन्न सामाजिक तथा बिकाश निर्माणका कामको शुरुवात माधब नेपालले शुरुवात गर्नुभएको जिकीर गरे । नेकपा कास्की क्षेत्रनं १ का प्रत्यक्ष उम्मेदवार राजकाजी गुरुङ करणले पोखरा १३ को बिकाश निर्माणमा आफु अर्थ मन्त्रालयको सल्लाहकार रहँदा



करोडौंको बजेट विनियोजन गरेको दावी गर्दै आर्वाका सडक निर्माण लगायत धेरै क्षेत्रमा बिकाश निर्माणको शुरुवात भएको बताए । 'अझै ति कैयौं योजना पुरा हुन सकेका छैनन्, भन्दै गुरुङले ति योजनाहरुले पूर्णता पाउन नेकपाले विजयी हाँसिल गर्नु पर्ने औंल्याए । उनले कास्की क्षेत्र नं १ जलस्रोत , पर्यटन कृषीको उर्वर भूमि भएकोले यसको थप विकाश गर्न हामीले योजनाबद्ध निति तथा कार्यक्रम ल्याउने उदघोष गरे । कार्यक्रममा नेकपाका समानुपातिक उमेदवारहरु दिलकुमारी पन्त, सोमती गुरुङ, नेकपाका केन्द्रीय सदस्य दिपक कोईराला, गण्डकी प्रदेश संयोजक गायत्री गुरुङ्ग, नेकपाका नेताहरू देबराज पौडेल, बिनोद बराल, चन्द्रा पराजुली, रनबहादुर सुनार लगायतले नेकपाको चुनाव चिन्ह तारामा मतदान गरी प्रत्यक्ष तथा समानुपातिक उमेदवार हरुलाई बिजयी गराउन आग्रह गरेका थिए । सो अवसरमा खेमराज बाँस्तोलाले जनवादी गीत प्रस्तुत गरेका थिए ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

**सामाजिक सञ्जालमा:**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने, श्रजनमानसमा भ्रम सिर्जना गर्ने, जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# तनहुँमा दुई हजार ६२५ किशोरीलाई एचपिभी खोप

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ माघ

जिल्लामा दुई हजार ६२५ जना किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध एचपिभी खोप लगाइने भएको छ ।

प्रदेश जनस्वास्थ्य कार्यालय तनहुँले यही माघ २९ गतेदेखि आगामी फागुन ५ गतेसम्म किशोरीलाई एचपिभी खोप लगाउन लागेको हो ।

हाल विद्यालय जाने कक्षा ६ का छात्रा, गत आर्थिक वर्षमा छुट भएका, हाल कक्षा ७ देखि १० मा अध्ययन गर्दै गरेका छात्रा र विद्यालय नजाने १० वर्ष उमेर समूहका किशोरी, गत आवमा छुट भएका विद्यालय नजाने ११ देखि १४ वर्षका किशोरीलाई उक्त खोप लगाउन लागिएको कार्यालयका सूचना अधिकारी सुदीप कँडेलले जानकारी दिनुभयो । गत वर्ष जिल्लाका १४ हजार १३५ किशोरीलाई उक्त खोप लगाइएको थियो । हरेक विद्यालयमा केन्द्र सञ्चालन गरी किशोरीलाई एचपिभी खोप लगाइने कँडेलले बताउनुभयो । नेपालमा हरेक वर्ष दुई हजार १६९ जना महिलालाई पाठेघरको मुखको क्यान्सर हुन्छ भने अनुमान गरिएको छ ।

महिलामा हुने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर दोस्रो मुख्य कारण रहेको र क्यान्सरबाट महिलाको मृत्यु हुने पहिलो मुख्य कारण रहेको छ । पाठेघरको मुखको क्यान्सरविरुद्धको एचपिभी खोप प्रारम्भिक किशोरावस्थामा दिँदा बढी प्रभावकारी हुने कँडेलले बताउनुभयो ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# निर्वाचनमा सुरक्षा महत्व

आसन्न प्रतिनिधिसनभा निर्वाचन सुरक्षामा नेपाली सेना २१ माघदेखि फिल्डमा खटिएको छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) पनि अर्को साता निर्वाचन सुरक्षाकै लागि तैनाथ हुँदै छ। राष्ट्रिय अनुसन्धान विभागका जनशक्ति पनि निर्वाचनलाई प्रतिकूल असर पार्ने र निर्वाचन आयोगबाट जारी गरिएका आचारसंहिता विपरीतका गतिविधि निगरानीका लागि सूचना संकलनमा खटिइसेकका छन् । निर्वाचन सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको 'सहयोगी जनशक्ति'का रुपमा भर्ना भएका १ लाख ४९ हजार ९० जना 'निर्वाचन प्रहरी'लाई पनि आधारभूत सुरक्षा तालिम दिएर अर्को साताबाटै परिचालन गरिँदै छ । फागुन २१ गते लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न सरकार 'प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा कार्ययोजना-२०८२ अनुसार अघि बढेको छ। स्वीकृत कार्ययोजनाअनुसार सेना, प्रहरी, सशस्त्र प्रहरी, अनुसन्धान विभाग र निर्वाचन प्रहरी गरी पाँचवटै फौजलाई निर्वाचन सुरक्षामा जिम्मेवारी र भूमिका किटान गरी परिचालन गरिँदै छ । समानुपातिकतर्फ ११० र प्रत्यक्षतर्फ १६५ सदस्यका लागि एकैचरणमा निर्वाचन हुन लागेकाले सुरक्षा चुनौती र जोखिमलाई विश्लेषण गरी तहगत सुरक्षा जिम्मेवारी र रणनीति अवलम्बन गरिएको गृह मन्त्रालयका एक अधिकारीको भनाइ छ । जसमा विगतमा झैं मतदानस्थल र मतदान केन्द्रको भित्री घेरामा नेपाल प्रहरीको नेतृत्वमा प्रहरी र निर्वाचन प्रहरीलाई खटाउन लागिएको छ ।

मतदानस्थलको बाहिरी घेरा, जहाँ मतदाताहरु मतदानका लागि लाइनमा बस्छन्, त्यसलाई व्यवस्थित गर्न प्रहरी र निर्वाचन प्रहरी जनशक्ति खटाउने गरी सुरक्षा जनशक्ति व्यवस्थापन गरिएको छ । यम बुझाइमा 'भित्री सुरक्षा घेरा'का रुपमा पनि बुझ्ने गरिएको छ । भित्री सुरक्षा घेराका रुपमा राखिएका क्षेत्र (मतदान स्थल) मा खटिने जनशक्ति विगतमा भन्दा यो पटक बढाइने गरी कार्ययोजना बनेको छ । प्रहरी प्रधान कार्यालयले हेडक्वार्टर, उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरीका प्रदेशस्थित कार्यालय र जिल्ला प्रहरी कार्यालयहरुबाट मतदान स्थलमा खटिने प्रमुख र अन्य जनशक्तिलाई निर्वाचन सुरक्षा अनुशिक्षण तालिम दिइरहेको छ। तालिम सकेर निर्वाचन प्रहरीसहित उनीहरुलाई कार्यस्थल खटाउने तयारीमा प्रहरी जुटेको छ । निर्वाचन सुरक्षामा नेपाल प्रहरीका करिब ७१ हजार जनशक्ति खटिँदै छ । प्रहरीले हेडक्वार्टर, प्रदेश र जिल्ला तहमा तहगत रुपमा आफ्नै निर्वाचन सेल बनाएको छ भने गृह मन्त्रालय, प्रदेश र जिल्लामा रहेका सुरक्षा समिति मार्फत पनि आवश्यक समन्वय र सहभागितामा परिचालन व्यवस्था मिलाएको छ। सशस्त्र सेना, सशस्त्र र अनुसन्धान विभागका पनि केन्द्रदेखि जिल्ला तहसम्म आफ्नै एकल संयन्त्र र केन्द्र, प्रदेश र जिल्ला सुरक्षा समितिमार्फत तहगत संयन्त्रमा बसेर सुरक्षा व्यवस्थापन मिलाएका छन् । सेना र सशस्त्रले ७७ वटै जिल्ला सदरमुकाममा रहेका स्थायी संयन्त्र र त्यस बाहेकको हकमा १६५ निर्वाचन क्षेत्रलाई एक क्षेत्र-एक निर्वाचन बेस (अस्थायी बेसक्याम्प) बनाएर मातहत इलाकामा सुरक्षा व्यवस्थापन गर्दै छ।

त्यसलाई पनि ७ सय ५३ स्थानीय तहअनुसार जोखिम र आवश्यकता अनुसार चारपांग्रे र २ पांग्रे सबारीबाट पट्रोलिङ तथा बेसलाई केन्द्रमा राखेर स्थल गस्तीको व्यवस्था मिलाएका छन् । गस्तीलाई पनि तीन समूह लामो, मध्यम र छोटो दुरीको गस्तीबाट निर्वाचन सुरक्षामा जनशक्ति खटाउँदै छन् । सशस्त्रलाई दोस्रो सुरक्षा र नेपाली सेनालाई बाहिरी र अन्तिम सुरक्षा घेराका रुपमा राखिएको छ। नेपाल प्रहरी खटिएको भित्री सुरक्षा घेरामा कुनै सुरक्षा जोखिम भएका जतिसक्दो छिटो घटनास्थल पुग्ने गरी सशस्त्र र सेनालाई ब्याकफोर्सका रुपमा परिचालन नीति अपनाइएको छ। निर्वाचन सुरक्षामा सेनाका करिब ८० हजार र सशस्त्रका करिब ३५ हजार जनशक्तिलाई तयार पारिएको छ । यसरी तयार पारिएका सेना र सशस्त्रलाई ११ हजार ९०१ मतदान स्थलको सुरक्षा संवेदनशीलतालाई लक्ष गरेर परिचालन नीति बनाइएको छ।

कुल मतदानस्थलमध्ये ४ हजार ६ सय १४ वटा लाई सुरक्षाका दृष्टिले अतिसंवेदनशील सूचीमा राखेको छ । ४ हजार ४ सय ४२ मतदानस्थल संवेदनशील र २ हजार ८ सय ४५ मतदानस्थल सुरक्षा दृष्टिले कम जोखिमको सूचीमा समेटिएको छ । अति संवेदनशील र संवेदनशील मतदानस्थललाई सेना र सशस्त्रको सुरक्षा पहरा बढाउने गरी फिल्डमा परिचालन नीति अपनाइएको छ । चुनावमा मतदान आफ्नो पक्षमा पार्न घरदैलो, आमसभा, प्रतिस्पर्धी दल तथा उम्मेदवार लक्षित आवेग/टिप्पणी र उत्तेजक अभिव्यक्ति दिने प्रवृत्ति र चलन नौलो होइन। गृह मन्त्रालयले अनुसन्धान विभागका अलावा सेना, प्रहरी र सशस्त्रका सादा पोसाकमा जनशक्ति पनि फिल्डमा तैनाथ गरिसकेको छ। निर्वाचनमा भाग नलिएका शक्तिसहित जेनजी आन्दोलनका बेला लुटिएका हतियार, भागेका कैदीबन्दी पनि प्रमुख सुरक्षा चुनौतीका रुपमा राखेर यसविरुद्ध छुट्टै संयन्त्र पनि परिचालित छन् । हिमाल, पहाड र तराई तथा उपत्यकामा छुट्टा छुट्टै जोखिम पहिचान गरेर त्यही अनुसार परिचालन नीति लिइएको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : ब्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शुभ यात्रा |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : मानसिक तनाब | मीन | : शत्रुको भय |

### हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# बागलुङका दुई हजार ३२० किशोरीलाई एचपिभी खोप लगाइने

पोखरापत्र संवाददाता
बागलुङ, २४ माघ

जिल्लाका दुई हजार ३२० किशोरीलाई पाठेघरको मुखमा हुने क्यान्सरविरुद्ध एचपिभी खोप लगाइने भएको छ। आगामी फागुन १ देखि १५ गतेसम्म जिल्लाका २२० विद्यालयमा अध्ययन गर्ने दुई हजार ३१३ र विद्यालयभन्दा बाहिरका सात जना किशोरीलाई ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) खोप लगाइने भएको हो ।

विद्यालयका कक्षा ६ मा अध्ययन गर्ने छात्रा र विद्यालय नजाने १० वर्ष उमेरका किशोरीलाई खोप दिइने प्रदेश जनस्वास्थ्य कार्यालय बागलुङका खोप सुपरभाइजर राजु खत्रीले जानकारी दिनुभयो । निजी तथा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरीलाई विद्यालयमा केन्द्र स्थापना गरी खोप लगाइने छ। अघिल्लो वर्ष ६ देखि १० कक्षामा अध्ययन गर्ने र विद्यालय बाहिरका १०-१४ वर्षका ११ हजार १७७ जनालाई खोप लगाइएको थियो । गत वर्ष अभियानका रूपमा लगाइएको खोप यस वर्ष नियमित लगाउन सुरु गरिएको खत्रीले बताउनुभयो । अघिल्लो वर्षभन्दा यस वर्ष खोप लगाउन मापदण्ड फरक भएको उहाँले उल्लेख गर्नुभयो । अघिल्लो वर्ष ६-१० कक्षामा अध्ययन गर्ने र १०-१४ वर्षका किशोरीलाई खोप लगाएकामा यस वर्ष कक्षा ६ मा अध्ययन गर्ने र विद्यालय बाहिरका १० वर्षका किशोरीलाई खोप दिइने खत्रीले जानकारी दिनुभयो। खोप अभावका कारण २०७३ साल वैशाखदेखि २०७५ असोजसम्म जन्मिएकाले यो खोप नपाएकाले गत वर्षदेखि खोप अभियान प्रारम्भ भएको थियो । खत्रीले भन्नुभयो, "जिल्लाका दशवटै स्थानीय तहमा कक्षा ६ देखिमाथि अध्ययन हुने विद्यालयमा अध्ययन गर्ने किशोरीलाई यो खोप लगाउँदै छौँ, खोप लगाउनका लागि जनशक्ति व्यवस्थापन, तालिम दिनेलगायत तयारी भइरहेको छ । विद्यालय, स्वास्थ्यचौकी तथा सार्वजनिक स्थानमा किशोरीलाई पायकपर्ने ठाउँमा पुगेर खोप लगाइने छ ।" खोप सुरक्षित रहेकाले सम्बन्धित सबैलाई लगाउन उहाँले अनुरोध गर्नुभयो ।

# मन्टेसरी प्रि.स्कुल संचालकको दोस्रो भेला सम्पन्न



पोखरापत्र संवाददाता
पोखरा, २४ माघ

गण्डकी प्रदेशमा रहेका बिभिन्न जिल्लामा संचालीत मन्टेसरी प्रि. स्कुलहरुका संचालक तथा प्रिन्सिपलहरुको भेला सम्पन्न भएको छ।

मन्टेसरी एशोसियसन कास्कीका संस्थापक अध्यक्ष तथा प्रदेश स्तरिय भेला आयोजक समितीका संयोजक अरुना शेरचको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मन्टेसरी एशोसियसन कास्कीका अध्यक्ष रितु पौडेलले स्वागत मन्तब्य राख्नुभएको थियो । कार्यक्रमको संचालन मन्टेसरी एशोसियसन कास्कीका पूर्व सचिव तथा प्रदेश स्तरिय भेला आयोजक समितीका सदस्य कुल प्रसाद सुबेदीले गर्नुभएको थियो ।

कार्यक्रमको उद्धाटन सत्रमा गोरखाबाट कल्पना श्रेष्ठ, स्याङ्जाबाट लक्ष्मी थापा मगर, लमजुङ्गबाट बीराटा अधिकारी पौडेल, पर्वतबाट मिलन पौडेल, तनहुँबाट सरिता न्यौपाने गर्तौला, नवलपुरबाट मन्टेसरी गैडाकोटका संयोजक बिष्णु प्रसाद ढकाल र कास्कीबाट मन्टेसरी एशोसियसन कास्कीका निबर्तमान अध्यक्ष भवानी अधिकारीले शुभकामना मन्तब्य राख्नुभएको थियो । कार्यक्रमका अध्यक्ष शेरचनले संगठनको आवश्यकता र औंचित्य माथी प्रकाश पार्नु भएको थियो। भेलाले मन्टेसरी एशोसियसन कास्कीका संस्थापक अध्यक्ष तथा फलबारी मन्टेसरी कटेजका संस्थापक प्रिन्सिपल अरुना शेरचनको अध्यक्ष्तामा नौं सदस्य रहेको तर्दथ समिति गठन गरेको छ । समितिको उपाध्यक्षमा क, ख, रा मन्टेसरी गैडाकोट नवलपुरका संस्थापक प्रिन्सिपल गायत्री ढकाल, महासचिवमा मेरिल्याण्ड किड्स मन्टेसरी पोखरा १५, मिलनमार्गका संस्थापक कुल प्रसाद सुबेदी, कोषाध्यक्षमा पहीला् पहीलो मन्टेसरी दुलेगौडा तनहुँका संस्थापक प्रिन्सिपल सरिता न्यौपाने गर्तौला र सदस्यहरुमा वेस्ट मन्टेसरी गोरखाका संस्थापक प्रिन्सिपल कल्पना श्रेष्ठ, भिजन मन्टेसरी बे'शिसहर लमजुङ्ग संस्थापक प्रिन्सिपल बीराटा अधिकारी पौडेल, मोदी मन्टेसरी डिम्बुवा पर्वतका संस्थापक प्रिन्सिपल लक्ष्मी के.सी., लिटल ह्यावेन मन्टेसरी प्रगतीनगर स्याङ्जाका संस्थापक प्रिन्सिपल लक्ष्मी थापा मगर र स्वर्णिम मन्टेसरी गैडाकोट नवलपुरका संस्थापक प्रिन्सिपल सम्झना सापकोटा निर्बिरोध निर्वाचीत हुनुभएको छ।

निर्वाचीत पदाधिकारी तथा सदस्यहरुलाइ मन्टेसरी एशोसियसन कास्कीका अध्यक्ष शाल्भी मर्सानी र मन्टेसरी एशोसियसन नवलपुरका बेदराज सापकोटाले सफल कार्यकालको शुभकामना दिनुभएको थियो भने मन्टेसरी एशोसियसन कास्कीका अध्यक्ष रितु पौडेलल, जेष्ठ सदस्य प्रेम शुशिल र पूर्व अध्यक्षहरु भवानी अधिकारी र शाल्भी मर्सानीले खादा अबिरले सम्मान गर्नुभएको थियो । निर्वाचीत तर्दथ समिति अध्यक्ष शेरचनले संस्थालाई आधिकारीता प्रदान गर्न र मन्टेसरी स्कुलहरुको गुर्णस्तर सुधार र पेशागत तथा व्यावसायिक हक हितमा लागीपर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो।

# जनज्योति माविका भूपु विद्यार्थीहरुको वृहत पुनर्मिलन कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ



जनज्योति माध्यमिक विद्यालय पोखरा २८ कालिकाको पुर्व विद्यार्थी तथा शिक्षकहरुको पहिलो पटक औपचारिक रुपमा बृहत् भेला, पुनर्मिलन तथा बनभोज कार्यक्रम सम्पन्न भएको छ।

जनज्योति मावि भूपू विद्यार्थी मञ्चका संयोजक कीर्तिबल्लभ त्रिपाठीको अध्यक्षतामा पोखरा-२६ स्थित नमस्ते पार्टी प्यालेसमा आयोजना गरीएको सो कार्यक्रममा ठुलो संख्यामा भूपु विद्यार्थी शिक्षकहरु सहभागि भएका थिए । वि.स. २०१६ सालमा स्थापना भएको विद्यालयले २०२६ सालदेखि एसएलसी परीक्षामा समावेश हुँदै आएको थियो। कार्यक्रममा प्रमुख अतिथि गण्डकी विश्व विद्यालयका कुलपति प्रा.डा.ईन्द्र प्रसाद तिवारीले आफु यस विद्यालयको विद्यार्थी हौँ भन्दा गर्व लाग्ने गरेको बताउदै अबको शिक्षा प्राबिधिक शिक्षामा केन्द्रित हुनुपर्ने बताउदै विद्यालयको भौतिक, सामाजिक र शैक्षिक बिकासमा सबैको योगदान अपरिहार्य रहेको बताए।

कार्यक्रमा विद्यालयका भुपु विद्यार्थी तथा सितलादेवी मावि पोखरा १२ प्रधानाध्यापक बाबुराम अधिकारीले विद्यालयको विगत र वर्तमान अवस्थाको बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । कार्यक्रममा मञ्चका सल्लाहकार हरि प्रसाद त्रिपाठी संस्थापक विदार्थी रामभक्त भण्डारी भुपु विद्यार्थी ऋषिरामत्रिपाठी,शुक्रराजअधिकारी लगाएतले बोलेका थिए। कार्यक्रममा जनज्योति माविमा २०१६ मा सम्मेलित पुर्व विद्यार्थीहरु तथा कार्यक्रमलाई सयोग गर्ने विभिन्न व्यक्तीत्वहरुलाई सम्मान गरिएको थियो।

जनज्योति मावि भूपू विद्यार्थी मञ्चका संयोजक कीर्तिबल्लभ त्रिपाठीको अध्यक्षतामा भएको भूपू विद्यार्थीहरूको बृहत् भेला, पुनर्मिलन तथा बनभोज कार्यक्रमको सन्चालन सचिव गुरु प्रसाद त्रिपाठीले गरेका थिए भने धन्यवाद ज्ञापन मञ्चका सह सयोजक श्याम प्रसाद तिमल्सेना गरेका थिए। भूपू विद्यार्थी मञ्चका संयोजक कीर्तिबल्लभ त्रिपाठी सयोजक रहेको समितिको विशेष सक्रियतामा लामो कसरतपछि भएको भूपू विद्यार्थीहरूको बृहत् भेला, पुनर्मिलन तथा बनभोज कार्यक्रममा ठुलो संख्यामा भूपु विद्यार्थी शिक्षकहरु सहभागि भएका थिए । कार्यक्रममा सांस्कृतिक प्रस्तुति, आपसी परिचय, स्मरणीय क्षणको साझा र आगामी योजनाबारे समेत छलफल भएको थियो । आगामी दिनमा भूपू विद्यार्थीहरूबीच नियमित सम्पर्क, सहयोग र सहकार्य कायम गर्दै विद्यालयको शैक्षिक, भौतिक तथा सामाजिक विकासमा थप टेवा पुऱ्याउने दीर्घकालीन उद्देश्य समेत मञ्चले अघि सारेको छ। माछापुच्छे हिमालको सम्मुखमा अवस्थित जनज्योति माध्यमिक विद्यालय प्राकृतिक सौन्दर्यसँगै शैक्षिक गरिमाका कारण कास्की जिल्लाकै विशिष्ट विद्यालयका रूपमा चिनिन्छ। ग्रामीण परिवेशमा स्थापना भएर पनि गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यस विद्यालयले समाज रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएको स्थानीयको भनाइ छ । अनुशासन, मेहनत र सामाजिक मूल्यमा आधारित शिक्षाले यहाँका विद्यार्थीलाई सक्षम नागरिक बनाउन महत्वपूर्ण भूमिका खेलेको छ।

# हिल प्वाईन्ट विद्यालयमा अभिभावक संघ गठन

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ




पोखरा महानगरपालिका १२ माटेपानीमा रहेको हिल प्वाईन्ट माध्यमिक विद्यालयमा अभिभावक संघ गठन भएको छ।

रेनु गुरुङ थापाको अध्यक्षतामा गठन भएको अभिभावक संघको सदस्यहरुमा शेषकान्त सापकोटा,मनोहरि पौडेल,भोज वहादुर कार्की,अप्सरा गुरुङ,प्रकाश वास्तोला र पुस्कर थापा मगर रहेका छन्। कार्यक्रममा वोल्दै हिल प्वाईन्ट माध्यमिक विद्यालयका प्राचार्य दिवाकर जैसीले विद्यालयले विगत केहि वर्ष देखि उत्कृष्ट नतिजा निकाली रहेको वताउदै विद्यालयले व्यवहारीक शिक्षामा जोड दिएको वताए।

प्राचार्य जैसीले विद्यालयले पढाई सगसगै विद्यार्थीहरुलाई विभिन्न अतिरिक्त क्रियाकलापहरुमा पनि सहभागी गराउदै आएको वताए। पोखरा १२ मा रहेको यस विद्यालयले आगामी दिनमा सम्पुर्ण अभिभावकहरुको साथ लिदै शिक्षाको गुणस्तरमा वृद्धि गर्ने र विद्यालयको सुधार र व्यावस्थापनमा ध्यान दिने समेत प्राचार्य जैसीले बताए । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विजुली वहादुर गुरुङले विद्यार्थीहरु आर्कषण गर्नको लागी विधालयहरूले विभिन्न योजनाहरु ल्याएको बताए । हिल प्वाइन्ट मा.विमा हाल ८५० जना विद्यार्थी अध्यनरत छन् भने ८३ जना कर्मचारीहरु रहेका छन् । स्कुले प्लस टुमा मोफसलमा नै पहिलो चोटी फाइन आर्टको कक्षा सन्चालन गरेको छ। स्कुलमा साइन्स,व्यवस्थापन, होटल मैनेजमेण्ट विषयमा कक्षा सन्चालन भइरहेको छ।

# रास्वपा कास्की-२ द्धारा क्षेत्र नम्बर २ का बिभिन्न स्थानमा सम्पर्क कार्यलय स्थापना

पोखरापत्र संवाददाता
पोखरा, २४ माघ



आगामि फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गर्दै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कास्की निर्वाचन क्षेत्र नम्बर २ अन्तरगत बिभिन्न स्थानामा सम्प्रर्क कार्यलय स्थापना गरिएको छ।

आगामी निर्वाचनलाई लक्षित गर्दै पार्टीको संगठन विस्तार, जनसम्पर्क सुदृढीकरण तथा नागरिकसँग प्रत्यक्ष संवाद गर्न सहज बनाउने उद्देश्यले सम्पर्क कार्यालयहरू सञ्चालनमा ल्याइएको हो । जस अन्तरतर्ग पोखरा ८ आलुमाइला चोक र पोखरा-३३ मा सम्पर्क कार्यालय स्थापना गरि उद्घाटन गरिनुका साथै बिभिन्न ठाउँहरुमा सुझाव संकलन जारि रहेको रास्वपा कास्की-२ को सचिवालयले जनाएको छ।

सम्प्रर्क कार्यलय स्थापनाको अवसरमा केन्द्र , प्रदेश, जिल्ला र क्षेत्रका नेता तथा कार्यकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रममा उमेदवार उत्तम पौडेलले कास्की क्षेत्र नम्बर २ को समग्र विकासमा जनताको सहभागिता र उत्तरदायी नेतृत्वबाट मात्र सम्भव हुने बताउँदै कास्की-२ का मतदातासँग परिवर्तनका लागि साथ दिन आग्रह गरेका छन्। यसै बिच उम्मेदवार पौडेलले निरन्तर क्षेत्र नम्बर २ का जनता सगँ छलफल,अन्तरक्रिया र सुझाव संकलन गरिरहेका छन् ।

# प्रतिभा सुपर लिग क्रिकेटको उपाधिका लागि आयोजक प्रतिभा र मदरल्याण्ड भिड्ने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

प्रतिभा सुपर लिग क्रिकेटको उपाधिका लागि आयोजक प्रतिभा मावि र मदरल्याण्ड सेकेण्डरी भिड्ने भएका छन् ।

प्रतिभा मावि पोखरा-३ नदीपुरको आयोजनामा पोखरा रंगशालामा भइरहेको प्रतिोगिता अन्तर्गत शनिबार भएको सेमीफाइनल खेलमा आयोजक प्रतिभा माविले बाल मन्दिर मावि र मदरल्याण्ड सेकेण्डरीले छोरेपाटन माविलाई पराजित गर्दै फाईनल यात्रा तय गरेका हुन् । प्रतियोगिताको उपाधि भिडन्त आईतबार पूर्वाह्न १० बजे हुने आयोजक प्रतिभा माविका प्राचार्य किरण सापकोटाले जानकारी दिए ।



प्रतियोगिता अन्तर्गत शनिबार भएको पहिलो सेमीफाइनल खेलमा मदरल्याण्ड सेकेण्डरीले छोरेपाटन माविलाई २ विकेटले पराजित गर्दै फाईनल यात्रा सुरक्षित गर्‍यो । टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय गरेको छोरेपाटन माविले निर्धारित २० ओभरमा ८ विकेटको क्षेतीमा ९५ रनको योगफल तयार गर्‍यो । छोरेपाटन माविका लागि सोहन आचार्यले ३२ बलमा ३१ रन, उज्वल पौडेलले ३८ बलमा २१ र अनिष थापाले १२ बलमा १३ रनको योगदान दिए । छोरेपाटनलाई दवाबमा राख्न मदरल्याण्डका सद्रीस पौडेलले ३ ओभरमा १३ रन खर्चेर ३ विकेट, भुवनबहादुर भण्डारीले ४ ओभरमा १४ रन खर्चेर २ विकेट तथा गौरव भण्डारीले ३ ओभरमा २२ रन खर्चेर १ विकेट लिए ।

९६ रनको मध्यम लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको मदरल्याण्डले १९.२ ओभरमा ८ विकेट गुमाएर लक्ष्य भेट्टाउँदै फाइनल यात्रा सुनिश्चित गर्‍यो । मदरल्याण्डका लागि विलोभ मल्लले २६ बलमा १६ रन, भुवनबहादुर भण्डारीले १४ बलमा १४ रन र अनुराज भण्डारीले १६ बलमा ११ रनको योगदान दिए । छोरेपाटनका किस्मत पौडेलले ४ ओभरमा १२ रन खर्चेर ३ विकेट, समर्पण लामिछानेले ४ ओभरमा १ मेडनसहित १४ रन खर्चेर ३ विकेट तथा अनिष थापाले ४ ओभरमा २३ रन खर्चेर २ विकेट लिए पनि जितका लागि पर्याप्त भएन । खेलमा बिजयी विद्यालय मदरल्याण्डका सद्रीष पौडेल प्लेयर अफ द म्याच घोषित भए ।

शनिबार नै भएको दोस्रो सेमीफाइनल खेलमा आयोजक प्रतिभा माविले बाल मन्दिर माविलाई ७१ रनको फराकिलो अन्तरले पराजित गर्दै फाइनल यात्रा सुनिश्चित गर्‍यो । बाल मन्दिरले टस जितेर फिल्डिङ गर्ने निर्णय लिएपछि पहिले ब्याटिङ गरेको प्रतिभाले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १५९ रनको विशाल योगफल तयार गर्‍यो ।

विशाल योगफल तयार गर्न प्रतिभाका खेलाडीहरु सफल श्रेष्ठले ४५ बलमा ५७ रनको अर्धसतकीय पारी खेले । त्यस्तै, मिसन विकले २३ बलमा २५ रन, सौगात लामिछानेले ४ बलमा १५ रनको योगदान दिए । प्रतिभालाई दवाबमा राख्ने क्रममा बाल मन्दिरका राम ढुंगानाले ४ ओभर बलिङ गर्दै २९ रन खर्चेर २ विकेट, ४ ओभर नै बलिङ गरेका सुमन अधिकारीले १ मेडनसहित ३२ रन खर्चेर २ विकेट र अभिषेक क्षेत्रीले ४ ओभर बलिङ गर्दै २४ रन खर्चेर १ विकेट लिए ।

१६० रनको चुनौतिपूर्ण लक्ष्य पछ्याउँदै जवाफी ब्याटिङमा उत्रिएको बाल मन्दिर मावि २० ओभर पूरै खेल्दै ९ विकेट गुमाएर केवल ८८ रनमा समेटिएपछि सेमीफाइनलबाटै प्रतियोगिताबाट बाहिरियो । बाल मन्दिरका लागि सुरज अधिकारीले २२ बलमा २० रन, सुमन अधिकारीले २८ बलमा १७ रन र श्रीनिवास कठायतले ३० बल सामना गर्दै १३ रन बनाउनुबाहेक अन्यले दोहोरो अंकमा रन जोड्न सकेनन् । प्रतिभा माविका बलरहरु सफल श्रेष्ठले ३ ओभर बलिङ गर्दै १६ रन खर्चेर ५ विकेट, पुरन गुरुङले १ ओभर बलिङ गर्दै ४ रन खर्चेर २ विकेट तथा निश्चल दाहालले ४ ओभर बलिङ गर्दै १२ रन खर्चेर २ विकेट लिदै बाल मन्दिरको ब्याटिङ अर्डर ध्वस्त पारेका थिए । खेलमा प्रतिभा माविका लागि ५७ रन बनाउनुका साथै ५ विकेट लिएका सफल श्रेष्ठ प्लेयर अफ द म्याच घोषित भए ।

# टुंडिखेलमा बिटी कप जारी, पहिलो चरणका ८ खेल सकिए

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरा महानगरपालिका १ टुंडिखेलमा जारी 'नवौं विरेन स्मृति एवम् १९ औं बिटी कप सेभेन ए साइड खुल्ला फुटबल प्रतियोगितामा शनिबार ८ खेल सकिएका छन् ।



बुद्धटोल युवा क्लबको आयोजनामा जारी प्रतियोगितामा पहिलो चरणका ८ खेल सकिएको क्लबका अध्यक्ष सन्तोष गुरुङले बताए । उनका अनुसार शनिबार भएको पहिलो खेलमा एन्जो ग्रुपले टुंडिखेललाई २-० गोल अन्तरले पराजित गर्यो । यस्तै दोस्रो खेलमा राइजिङ नेपाललाई रामघाटले ठमेल २-१ गोल अन्तरले हरायो । रामघाटको जीतमा सुदिन गुरुङले २ गोल गरे भने, राइजिङ नेपालका लागि सन्तोष मगरले सान्त्वना १ गोल फर्काए ।

यस्तै तेस्रो खेल लिभिक एफसीको अनुपस्थितीमा वाकओभरमार्फत तालपारी विजयी बन्यो । बेस्ट ब्वाइज क्लब र भिमकाली क्लबबीच भएको चौथों खेल गोलरहित भएपछि पेनाल्टीमा बेस्ट ब्वाइज क्लबले ४-३ गोल अन्तरले जीत निकाल्यो । पाँचौ खेलमा स्याङ्जा युथ क्लबले फूलबारी क्लबलाई २-० को गोल अन्तरले पराजित गर्यो । स्याङ्जाको जीतमा समिर पुरीले २ गोल गरे । छैटौं खेलमा एसटिबिएस एफसीलाई लभ्ली ब्वाइजले ४-२ गोल अन्तरले पराजित गर्यो । लभ्ली ब्याइजको जीतमा स्वचन थापा, सविन थापा, अन्जन थापा र रोहित नेपालीले समान १/१ गोल गरे । भने, एसटिबिएसका लागि विवेक गुरुङले २ गोल गरे ।

यस्तै आयोजक बिटी टिम बि र कल्याण बेसी लमजुङबीच भएको सातौ खेल गोलरहित भएपछि पेनाल्टी सुटआउटमा आयोजकले ३-२ गोल अनतरले पराजित गर्दै दोस्रो चरणमा प्रवेश गरेको खेल संयोजक निकेश गुरुङले जानकारी दिए । उनका अनुसार शनिबारको अन्तिम खेलमा फायर पिज्जाले भाइब्रेन्टलाई ४-१ को फराकिलो गोल अन्तरले हरायो । फायर पिज्जाको जीतमा मनिस ठकुरीले ह्याट्रिक र सुवास गुरुङले १ गोल गरे । भने, भाइब्रेन्टका लागि खगेन्द्र पुनले समान्त्वना १ गोल गरे । आइतबार पनि बिहान ८ बजेबाटै पहिलो चरणकै खेल हुने क्लबका सल्लाहकार विनिता गुरुङले जानकारी दिइन् । उनका अनुसार आइतबार पहिलो खेल सम्झना क्लब नयाँगल्ली र दीप युनाइटेडबीच हुनेछ । प्रतियोगिताको विजेतालाई २ लाख २ सय २२ रुपैयाँ र उपविजेतालाई १ लाख ११ हजार १ सय ११ रुपैयाँसहित ट्रफी मेडल र प्रमाणपत्र प्रदान गर्ने क्लबका सचिव रेशम सापकोटाले बताए । सापकोटाका अनुसार प्रतियोगितामा विधागतर्फ सर्वोकृष्ट खेलाडीलाई स्पोर्टस् साइकल प्रदान गरिनेछ । यस्तै उत्कृष्ट गोलरक्षक, डिफेण्डर र मिडफिल्डर र सर्वाधिक गोलकर्ताले जनही नगद ८/८ हजार पुरस्कार प्राप्त गर्नेछन् । यस्तै प्रतियोगितामा अनुशासित टिमलाई १० हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ ।

# आयोजक टीमले जित्यो नवौं राईजिङ स्टार खुल्ला वडास्तरीय भलिवल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित राईजिङ्ग स्टार युथ क्लबको भण्डारी टोल स्थित भलिवल कोर्टमा भएको नवौं राईजिङ्ग स्टार खुल्ला वडास्तरीय भलिवल प्रतियोगिता आयोजक टिमले जितेको छ ।

फाइनलमा प्रवेश गरेको छ । शनिवार सम्पन्न फाइनल खेलमा बागलुङ्गको ढोरपाटन समूहलाई आयोजक राईजिङ्ग स्टार युथ क्लबको टिमले उछिन्दै एक लाख ११ हजार एक सय ११ रुपैयाँ नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ । पहिलो सेट जिते पनि लगातार राईजिङ्ग स्टारले २ सेट जितेपछि उपविजेता बनेको बागलुङ्गको ढोरपाटन समूहले रु ५५ हजार पाँच सय ५५नगद सहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्‍यो । क्लवका अध्यक्ष तिलबहादुर गुरुङ अनिलको अध्यक्षतामा भएको कार्यक्रममा क्लबका आजीवन संरक्षक पोखरा महानगरापालिका वडा नम्वर २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङ, वडा सदस्य जितेन्द्रबहादुर क्षत्री, क्लबका पूर्व अध्यक्ष यमप्रसाद गुरुङ, संस्थापक अध्यक्ष प्रदिप गुरुङ लगायतले उत्कृष्ट खेलाडी राईजिङ्ग स्टारका सञ्जु विक्रम शाह, उत्कृष्ट सर्भर ढोरपाटनका सञ्जोक परियार,डिफेण्डर जीवन भण्डारी, स्पाइकर कमल सुनार, उत्कृष्ट ब्लकर राईजिङ्ग स्टारका विश्वास अधिकारी, उत्कृष्ट शर्टर अशोक ठकुरी लगायतलाई पुरस्कार वितरण गरेका थिए ।पूर्व अध्यक्ष विष्णुप्रसाद गुरुङले कार्यक्रम सञ्चालन गरेका थिए । प्रतियोगितामा १५ टिमको सहभागिता रहेको थियो ।



# जानकी माविको ४८ बर्षे यात्रा: यस क्षेत्रको सपना र पुस्ताको भरोसा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

जानकी माध्यमिक विद्यालय पोखरा १७ महतगौडाको परिसरमा उत्सवको चहलपहल थियो । साना नानीबाबुदेखि सेतो कपाल फुलेका अभिभावकसम्म एउटै आँगनमा जम्मा भएका थिए ।

उनीहरु सबैका आँखामा एउटा साझा भावदेखिन्थ्यो, विद्यालयप्रतिको गर्व र मायासँगै गुणस्तरीय शिक्षाका लागि शिक्षक, विद्यार्थी र अभिभावकको त्रिकोणात्मक प्रयासको खाँचो छ ।




विद्यालयको ४८ औं बार्षिकोत्सवको अवसरमा विद्यालयको आँगन ध्वजापतकाले रंगीन बनेको थियो । शिक्षकले हात समातेर अक्षर चिनाएका विद्यार्थी आज मञ्चमा गीत, नृत्य र मन्तव्य प्रस्तुत गर्दै थिए उनीहरुको हाँसो र तालीको गुञ्जनले विद्यालयका संस्थापक, आमन्त्रित अतिथिसम्मलाई नयाँ जीवन दिएको अनुभूति भए जस्तो महसुस भएको थियो । विद्यालयका प्रमुख अक्षयकोषदाता एवम् पोखरा महानगरपालिका वडा नं. १७ का जनप्रतिनिधि शिवराम भण्डारीले कार्यक्रमको उद्घाटन गर्दै शिक्षा केवल पाठ्यपुस्तकमा मात्र सिमीत नभई जीवन बदल्ने शक्ति भएको उल्लेख गर्नुभयो।उहाँलेसामुदायिकविद्यालयसंग चौतर्फी विकासमा वडास्तरबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता पनि व्यक्त गर्नुभयो । कार्यक्रममा विद्यालयको विकासमा सहयोग गर्नु हुने पोखरा १७ निवासी लिलकाजी गुरुङ, व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष नगेन्द्र गुरुङ, विद्यालयका प्रधानाध्यापक अर्जुन कँडेल, लेखापाल अमित वानिया, ढुङ्गेसाँघु सितापाईला आमा समुह, इक्रा पाउण्डेशन लगायतका विभिन्न संघसस्था तथा व्यक्तित्वहरुलाई दोसल्ला र सम्मानपत्रले सम्मान गरिएको थियो । सो अवसरमा स्थानीय जागरण आमा समुहले गत तिहारमा भैलो खेलेर संकलन गरेको ५१ हजार रुपैयाको अक्षयकोष स्थापना गर्नुभएको थियो । समुहले उक्त रकम बरावरको चेक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिप्रसाद बास्तोलालाई हस्तान्तरण गरिएको थियो । सो अवसरमा पार्दी मावि व्यवस्थापन समितिका अध्यक्ष सुवर्ण श्रेष्ठले सामुदायिक विद्यालय सञ्चालनमा आर्थिक अभाव महत्वपूर्ण चुनौतीका रुपमा रहेको बताउनुभयो, गुणस्तरीय शिक्षाका लागि सम्वन्धित निकायले आवश्यक सहयोग गर्नुपर्नेमा उहाँको जोड थियो ।

# मदरल्याण्ड माविमा तीन दिने सांस्कृतिक उत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

विद्यालय केवल पाठ्यपुस्तक र कक्षाकोठामा सीमित हुँदैन भन्ने सन्देश पोखरा महानगरपालिका वडा नं. ७, मासबारस्थित मदरल्याण्ड माध्यमिक विद्यालयले फेरि एकपटक दिएको छ । तीन दिनसम्म चलेको 'सांस्कृतिक शनिबार' कार्यक्रमले विद्यार्थीभित्र लुकेका प्रतिभालाई उजागर गर्दै विद्यालय परिसरलाई सिर्जना, कला र संस्कृतिको रंगले भरिदियो ।

भजनको मधुर धुनसँगै योगासनको सन्तुलित प्रस्तुति, नाटकको सजीव अभिनयदेखि नृत्य र गायनसम्मको कार्यक्रमले हरेक उमेर समूहका दर्शकलाई मन्त्रमुग्ध बनायो । समापन दिन कलादेखि गलासम्म र भजनदेखि योगासम्मका विविध कार्यक्रमले अभिभावक, शिक्षक र विद्यार्थी सबैको ध्यान तान्न सफल भयो ।

विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता प्रस्तुत गराउने उद्देश्यसहित मदरल्याण्ड माविले हरेक वर्ष तीनदिने सांस्कृतिक कार्यक्रम आयोजना गर्दै आएको छ । यस वर्ष सम्पन्न ३१औँ संस्करणमा भजन, योग, नाटक, गायन र नृत्यलाई विशेष प्राथमिकता दिइयो । विद्यालयका प्राचार्य डा. नारायण बरालका अनुसार विद्यार्थीलाई आफूले रुचि राखेको विधामार्फत अभिव्यक्त हुने अवसर दिनु नै कार्यक्रमको मूल लक्ष्य हो । "जोसँग जे क्षमता छ, त्यही क्षमता देखाउने मौका विद्यार्थीले तीन दिनमा पाए," उनले भने, "पढाइसँगै सिर्जनात्मकता र आत्मविश्वास विकास गर्नु विद्यालयको प्राथमिकता हो । "




कार्यक्रमको अर्को आकर्षण विद्यार्थीले फालिएका सामग्री प्रयोग गरेर तयार पारेका कलात्मक सामग्री थिए । प्रदर्शनीमा राखिएका ती सामग्रीले सिर्जनशील सोच र व्यवहारिक सीप दुवै झल्काउँथ । "इँटा बनाउँदा प्रयोग हुने साँचोजस्तै विद्यार्थीलाई सही ढाँचामा राखेर सिकाइ दिन सके उत्कृष्ट नतिजा आउँछ," प्राचार्य बरालले खुशी व्यक्त गरे । प्लस-टु इन्चार्ज नारायण आचार्यका अनुसार विद्यार्थीमा फरक-फरक क्षमता हुने भएकाले कार्यक्रम पनि त्यहीअनुसार व्यवस्थापन गरिएको हो । "तीन दिनमा सकेसम्म धेरै विद्यार्थीलाई सहभागी गराउने प्रयास गरियो," उनले भने, "नाटक, भजन र योगाले त अभिभावकदेखि विद्यालय परिवार नै मन्त्रमुग्ध बनायो ।" कार्यक्रममा कक्षा १२ मा विज्ञान विषय अध्ययनरत अदिति पराजुलीले दुई वर्षको अध्ययन यात्रामा भोगेका अनुभूति कवितामय शैलीमा प्रस्तुत गरिन् । त्यसैगरी अभिभावक विमला शर्माले स्वास्थ्यसम्बन्धी विषयमा खुलेर आफ्ना अनुभव राखिन् । समापन समारोहका प्रमुख अतिथि प्याब्सन कास्कीका अध्यक्ष षडानन्द गौतमले मदरल्याण्ड माविको शैक्षिक नतिजाले देशभित्र मात्र नभई अन्तर्राष्ट्रिय स्तरमा पनि पहिचान बनाएको बताए । विद्यार्थीको सिकाइ कक्षाकोठाभन्दा बाहिर पनि सम्भव छ भन्ने कुरा यस कला प्रदर्शनीले प्रमाणित गरेको छ उनले भने । विद्यालयका निर्देशक डा. त्रिभुवन शर्माले तीनदिने कार्यक्रममा विद्यार्थीले सहकार्य, नेतृत्व र आत्मविश्वासको सीप सिकेको बताए ।

विद्यालय सञ्चालक समितिका अध्यक्ष प्रेमनारायण पोखरेलले अतिरिक्त क्रियाकलापले विद्यार्थीको चौतर्फी विकासमा महत्वपूर्ण भूमिका खेल्ने उल्लेख गरे । विद्यालय प्रशासनका अनुसार पहिलो दिन नर्सरीदेखि कक्षा ३ सम्मका बालबालिकाका लागि कार्यक्रम आयोजना गरिएको थियो र दोस्रो दिन कक्षा ४ देखि ८ सम्मका विद्यार्थीले प्रतिभा देखाए भने अन्तिम दिन कक्षा ९ देखि १२ सम्मका विद्यार्थीले आफ्ना प्रस्तुति पस्किए । समापन दिनको कार्यक्रम शिक्षक सन्तोष पौडेलले सञ्चालन गरेका थिए ।

# पोखराको नोबेल सेकेन्डरी स्कुलको २० औँ वार्षिकोत्सव तथा पुरस्कार वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ माघ

पोखरा ११ मा रहेको नोबेल सेकेन्डरी स्कुलको शनिबार एक समारोहका बीच पुरस्कार वितरण तथा वार्षिक उत्सव सम्पन्न भएको छ ।

उक्त कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर ११ का वडाध्यक्ष प्रेमप्रसाद कर्मचारीले गुणस्तर र आत्मनिर्भर शिक्षा आजको आवश्यकता रहेको बताउनुभयो। उहाँले शिक्षासँगै विद्यालयमा विभिन्न सीपमूलक र अतिरिक्त क्रियाकलाप गर्न विद्यालयलाई सुझाव समेत दिनुभयो । विद्यालयका प्राचार्य रत्नमान गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा सह-प्राचार्य लिलबहादुर पुन त्यसैगरी सहप्राचार्य ललित मगर त्यसैगरी प्याप्सन कास्कीका अध्यक्ष षडानन्द गौतम अभिभावक रमेश परियार विद्यार्थी तृप्ति राना लगायतकाले शिक्षाको बारेमा चर्चा गर्नुभएको थियो । विद्यालयमा विद्यार्थीहरूले विभिन्न सांस्कृतिक तथा मनोरञ्जनात्मक कार्यक्रमले सहभागी अभिभावकहरूलाई भरपूर्ण मनोरञ्जन दिनुभएको थियो । विद्यालयमा हाल करिब २०० जना विद्यार्थीहरू अध्ययनरत रहनुभएको छ भने शिक्षक कर्मचारी गरेर करिब २० जना रहनुभएको छ ।

